**सुदूरपश्चिम विश्वविद्यालय**

**शिक्षाशास्त्र सङ्काय**

**सत्रप्रणालीमा आधारित नेपाली शिक्षा स्नातक कार्यक्रम**

**पाठ्यांश शीर्षक** : भाषिक अनुसन्धान विधि

**विषय सङ्केत नं. :** Nep.Ed. 476 | **विषयको प्रकृति :** सैद्धान्तिक+प्रायोगिक

**तह :** स्नातक | **जम्मा पाठ्यघण्टा :** ३

**सत्र :** सातौँ | **शिक्षण घन्टी** : ४८

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायको सत्रप्रणाली (आठ सेमेस्टर) मा आधारित बी.एड. कार्यक्रमको नेपाली शिक्षा मूल विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । पाँच एकाइमा वितरित यस पाठ्यांशमा भाषिक अनुसन्धानसम्बन्धी सामान्य अवधारणा, यसका प्रमुख विधिहरू, तथ्याङ्क सङ्कलन, साधन निर्माण, मानकीकरण, उपयोग तथा तिनको व्याख्या विश्लेषण, अनुसन्धान प्रस्ताव, अनुसन्धान प्रतिवेदनको परिचय र तिनका अङ्गहरू जस्ता पाठ्यवस्तु समावेश गरिएका छन् । यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरूमा अनुसन्धानसम्बन्धी विविध पक्षको ज्ञानका साथै अनुसन्धान प्रस्ताव र अनुसन्धान प्रतिवेदन सम्बन्धी जानकारी प्राप्त गरी तदनुरूप अनुसन्धान गर्न र त्यसको प्रतिवेदन तयार गर्न समर्थ हुने अपेक्षा गरिएको छ ।

## २. साधारण उद्देश्य

यस पाठ्यांशका अध्ययनपश्चात् शिक्षार्थीहरू निम्नलिखित कार्य गर्न समर्थ हुनेछन् :

क) भाषिक अनुसन्धानको परिचय दिन,
ख) नेपाली भाषाशिक्षासम्बन्धी अनुसन्धान क्षेत्रको पहिचान गर्न,
ग) भाषिक अनुसन्धानका प्रमुख प्रकार र विधिहरूको परिचय दिन,
घ) तथ्याङ्क सङ्कलन र उपकरण निर्माण प्रक्रियाका बारेमा जानकारी दिन र निर्मित उपकरणको मानकीकरण गरी उपयोग गर्न,
ङ) अनुसन्धान प्रस्ताव र यसका प्रमुख अङ्गहरूसित परिचित भई सोअनुरूप प्रस्ताव तयार गर्न र
च) अनुसन्धान प्रतिवेदनको ढाँचाको जानकारी प्राप्त गरी सोअनुसार प्रतिवेदन तयार गर्न ।

## ३. विशिष्ट उद्देश्य तथा पाठ्यविषय

| विशिष्ट उद्देश्य | पाठ्यवस्तु विवरण |
|---|---|
| क) भाषिक अनुसन्धानको परिचय दिन,<br>ख) भाषिक अनुसन्धानका प्रमुख प्रकारहरूको जानकारी दिन,<br>ग) भाषिक अनुसन्धानका विशेषताहरू बताउन,<br>घ). नेपाली भाषाशिक्षासम्बन्धी अनुसन्धानका प्रमुख क्षेत्रहरूको | **एकाइ एक : भाषिक अनुसन्धानको अवधारणा (पाघं. १०)**<br>१.१. भाषिक अनुसन्धानको परिचय<br>१.२. भाषिक अनुसन्धानका प्रमुख प्रकारहरू<br>१.२.१. सैद्धान्तिक र प्रयोगात्मक अनुसन्धान<br>१.२.२ उपाधिमूलक र परियोजनामूलक अनुसन्धान<br>१.२.३ परिमाणात्मक र गुणात्मक अनुसन्धान<br>१.२.४ पुस्तकालयीय, क्षेत्रीय र प्रयोगशालीय अनुसन्धान<br>१.३ भाषिक अनुसन्धानका विशेषताहरू |

| | |
|---|---|
| पहिचान गरी ती क्षेत्रहरूको वर्णन गर्न । | १.४ नेपाली भाषाशिक्षासम्बन्धी अनुसन्धानका प्रमुख क्षेत्रहरू<br>१.४.१ नेपाली भाषा र नेपालका भाषाहरू<br>१.४.२ नेपाली भाषापाठ्यक्रम र नेपाली पाठ्यपुस्तक<br>१.४.३. व्यतिरेकी विश्लेषण र त्रुटि विश्लेषण<br>१.४.४ शब्दभण्डार<br>१.४.५. व्याकरण |
| क) भाषिक अनुसन्धानका प्रमुख विधिहरूको परिचय दिन,<br>ख) उक्त विधिहरूका विशेषता बताउन,<br>ग) उक्त विधिहरूमा आधारित अनुसन्धान प्रक्रिया उल्लेख गर्न । | **एकाइ दुई : भाषिक अनुसन्धानका प्रमुख विधिको परिचय, विशेषता र अनुसन्धान प्रक्रिया (पाघं. ६)**<br>२.१ सर्वेक्षण विधि<br>२.२ क्षेत्रीय अध्ययन विधि<br>२.३ प्रयोगात्मक अनुसन्धान विधि<br>२.४ तुलनात्मक अनुसन्धान विधि<br>२.५ क्रियात्मक अनुसन्धान विधि |
| क) अनुसन्धानमा तथ्याङ्कको परिचय दिन,<br>ख) तथ्याङ्क सङ्कलनका स्रोतहरू बताउन,<br>ग) जनसङ्ख्या र नमुना छनोटको परिचय दिन,<br>घ) नमुना छनोट विधिका प्रकारहरू बताउन,<br>ङ) तथ्याङ्क सङ्कलनका साधनको परिचय दिन,<br>च) तथ्याङ्कलाई साङ्ख्यिकी, तालिका, आरेख, आलेखमा प्रस्तुतीकरण गर्न,<br>छ) प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषण गर्न । | **एकाइ तीन : तथ्याङ्क सङ्कलन तथा प्रस्तुतीकरण (पाघं. १०)**<br>३.१ अनुसन्धानमा तथ्याङ्कको परिचय<br>३.२ तथ्याङ्कका स्रोतहरू<br>३.२.१ प्राथमिक स्रोत<br>३.२.२ द्वितीय स्रोत<br>३.३ जनसङ्ख्या र नमुना छनोट<br>३.४ नमुना छनोट विधिका प्रकार<br>३.४.१ सम्भावनात्मक नमुना छनोट : सामान्य यादृच्छिक नमुना छनोट, स्तरीकृत नमुना छनोट विधि<br>३.४.२ असम्भावनात्मक नमुना छनोट : सुविधाजनक नमुना छनोट, उद्देश्यमूलक नमुना छनोट, अंश नमुना छनोट विधि<br>३.५ तथ्याङ्क सङ्कलनका साधन<br>३.५.१ प्रश्नावली<br>३.५.२ अन्तर्वार्ता<br>३.५.३ मतावली<br>३.५.४ अवलोकन<br>३.६ तथ्याङ्कको प्रस्तुतीकरण<br>३.६.१ भाषिक अनुसन्धानमा साङ्ख्यिकीको प्रयोग<br>३.६.२ तालिकीकरण<br>४.६.३ आलेख<br>३.६.४ आरेख<br>३.७ तथ्याङ्कको व्याख्या विश्लेषण |
| क) अनुसन्धान प्रस्तावको परिचय र आवश्यकता दर्साउन, | **एकाइ चार : अनुसन्धान प्रस्ताव (पाघं. १०)**<br>४.१ अनुसन्धान प्रस्तावको परिचय र आवश्यकता |

| | |
|---|---|
| ख) अनुसन्धान प्रस्तावका प्रमुख अङ्गहरूको परिचय दिन,<br>ग) अनुसन्धान प्रस्तावका मुख्य अङ्गहरूका आधारमा शोधप्रस्ताव तयार गर्न । | ४.२ अनुसन्धान प्रस्तावका मुख्य अङ्गहरूको परिचय<br>४.२.१ अध्ययनको परिचय<br>४.२.२ समस्या कथन<br>४.२.३ उद्देश्य/अनुसन्धान प्रश्न<br>४.२.४ प्राक्कल्पना<br>४.२.५ पूर्वकार्यको पुनरवलोकन<br>४.२.६ अध्ययनको परिसीमा<br>४.२.७ अध्ययन विधि<br>४.२.८ शोधकार्यको रूपरेखा<br>४.२.९ सन्दर्भसामग्री सूची<br>४.३ उपर्युक्त ढाँचामा अनुसन्धान प्रस्ताव लेखनको अभ्यास |
| क) अनुसन्धान प्रतिवेदनको परिचय दिन,<br>ख) अनुसन्धान प्रतिवेदनको ढाँचा भन्न,<br>ग) अनुसन्धान प्रतिवेदनका आदि, मध्य र अन्त्य भागमा रहने सूचनाको चर्चा गर्न,<br>घ) अनुसन्धानमा प्रयुक्त हुने भाषाको चर्चा गर्न । | **एकाइ पाँच : अनुसन्धान प्रतिवेदन (पाघं. १२)**<br>.१ अनुसन्धान प्रतिवेदनको परिचय<br>५.२ अनुसन्धान प्रतिवेदनको ढाँचा : आदि, मध्य र अन्त्य भाग<br>५.३ उक्त भागहरूको संरचना<br>५.३.१ आदिभाग : आवरण पृष्ठ, प्रतिबद्धता पत्र, शोध निर्देशकको सिफारिस, स्वीकृति पत्र/अनुमति पत्र, कृतज्ञताज्ञापन, शोधसार, विषयसूची, तालिका, चित्र र नक्सासूची, चिह्नसूची, सङ्क्षिप्त रूप<br>५.३.२ मध्यभाग : अध्याय र शीर्षक, अनुच्छेद विभाजन र विन्यास, तालिका तथा आरेखको प्रयोग, उद्धरण, सन्दर्भाङ्कन (एपिए अनुसार)<br>५.३.३ अन्त्य भाग : सन्दर्भ सामग्री (एपिए अनुसार), परिशिष्ट<br>५.४ अनुसन्धानमा प्रयुक्त भाषा<br>५.४.१ वाक्यविन्यास<br>५.४.२ आदरार्थी प्रयोग<br>५.४.३ वाक्यको प्रयोग |

## ४. शिक्षण प्रक्रिया

प्रत्येक एकाइको शिक्षणमा आवश्यकता अनुसार साधारण र विशिष्ट शिक्षण प्रविधिको उपयोग गरिने छ । यो पाठ्यांश शिक्षण गर्न शिक्षकले प्रयोग गर्ने तौरतरिकालाई साधारण शिक्षण प्रक्रिया, अनि विद्यार्थी कार्यकलापमा आधारित शिक्षण प्रक्रियालाई विशिष्ट शिक्षण प्रक्रिया अन्तर्गत राखिएको छ ।

## ४.१ साधारण शिक्षण प्रक्रिया

हरेक एकाइको प्रकृति अनुरूप व्याख्या, छलफल, प्रश्नोत्तर, कक्षा प्रस्तुति, समीक्षा आदिको उपयोग गरिने छ । यस क्रममा पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, सहायक पुस्तक, शोधप्रस्ताव, शोधपत्र, विषयवस्तु टिपोटपत्र, चित्र, तालिका र आरेखहरूको उपयोग गरिने छ ।

## ४.२ विशिष्ट शिक्षण प्रक्रिया

| एकाइ | कार्यकलाप |
|---|---|
| १ | • समूह कार्यका रूपमा भाषिक अनुसन्धानका प्रकारहरू तोकी कक्षामा प्रस्तुत गर्न लगाउने,<br>• भाषिक अनुसन्धानका प्रमुख क्षेत्रहरूको सूची बनाई व्यक्तिगत तथा समूहगत रूपमा कक्षा प्रस्तुति गर्न लगाउने । |
| २ | • समूह विभाजन गरी भाषिक अनुसन्धानका प्रमुख विधिको परिचय, विशेषता र अनुसन्धान प्रक्रियाको टिपोट कक्षामा छलफल गराउने । |
| ३ | • तथ्याङ्क सङ्कलनका स्रोत र नमुना छनोट प्रक्रियाका बारेमा विद्यार्थीहरूलाई सोदाहरण कक्षाकार्यमा छलफल गराउने,<br>• समूहगत रूपमा तथ्याङ्क सङ्कलनका साधनको निर्माण गर्न लगाई प्रस्तुत गर्न लगाउने,<br>• कुनै तथ्याङ्क दिई उक्त तथ्याङ्कलाई विभन्न प्रकारका तालिका, आरेख तथा आलेखमा परिवर्तन गरेर कक्षामा प्रस्तुत गर्न लगाउने । |
| ४ | • परियोजना कार्यका रूपमा भाषिक अनुसन्धानका विभिन्न क्षेत्रसँग सम्बन्धित छोटा छोटा शीर्षकहरू चयन गर्न लगाई निर्धारित ढाँचामा शोधप्रस्ताव निर्माण र प्रस्तुति गर्न लगाउने । |
| ५ | • अनुसन्धान प्रतिवेदनका आदि भाग, मध्यभाग र अन्त्यभागमा रहने सूचनाहरूका बारेमा कक्षामा प्रदर्शन तथा छलफल गर्न लगाउने<br>• व्यक्तिगत तथा समूहकार्यका रूपमा शोधप्रतिवेदन भित्रका विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा नमुना लेखनको अभ्यास गर्न लगाई कक्षामा छलफल गराउने,<br>• वैयक्तिक तथा सामूहिक कार्यका रूपमा अनुसन्धानमा प्रयोग हुने भाषाका बारेमा टिपोट गर्न लगाई कक्षामा प्रस्तुति गराउने । |

## ५. आन्तरिक मूल्याङ्कन ३०%

यस पाठ्यांशको आन्तरिक मूल्याङ्कन शिक्षकद्वारा निम्नलिखित गतिविधिहरूको आधारमा सञ्चालन गरिनेछ :

क) कक्षा गतिविधिहरूमा उपस्थिति र सहभागिता : ४+४ = ८ अङ्क
ख) मूल्याङ्कन (असाइनमेन्ट) १ : प्रतिबिम्बात्मक टिप्पणीह नोट र कक्षा प्रस्तुतीकरण : ३+३=६ अङ्क
ग) मूल्याङ्कन (असाइनमेन्ट) २ : अध्ययनपत्र, निबन्ध, परियोजना र अन्तर्वार्ता : ४+४ = ८ अङ्क
घ) मध्यसत्र परीक्षा ८ अंक

## ६. प्रयोगात्मक मूल्याङ्कन २०%

यस पाठ्यांशको सत्रको अन्त्यमा विद्यार्थीलाई अनुसन्धान प्रस्ताव लेख्न लगाइनेछ । यस प्रयोजनका लागि विद्यार्थीले छनोट गरेका र शिक्षकले अनुमोदित गरेका शीर्षकमा लेख्नुपर्नेछ । अनुसन्धान प्रस्ताव लेखनका लागि व्यक्तिगत रूपमा शीर्षक छनोट गरिनेछ । यसरी रुजु गरिएका शीर्षकमा युगल वा एकल रूपमा तोकिएको ढाँचामा अनुसन्धान प्रस्ताव

एपिए प्रणालीअनुरूप मुद्रण गरी विषय शिक्षकसमक्ष प्रस्तुत गर्नुपर्नेछ। अनुसन्धान प्रस्ताव प्राप्त भएपछि त्यसको बाह्य परीक्षणका लागि सम्बन्धित क्याम्पसको विषय समिति समक्ष प्रस्तुत गर्नुपर्नेछ । सो मूल्याङ्कनको प्राप्ताङ्क बाह्यपरीक्षकले आफै वा क्याम्पसमार्फत् परीक्षा नियन्त्रण कार्यालयमा पेस गर्नुपर्नेछ ।

मूल्याङ्कन समिति

विषय शिक्षण समिति/विभाग/क्याम्पस प्रमुख – अध्यक्ष

सम्बन्धित विषय शिक्षक – आन्तरिक परीक्षक

विद्यावारिधि/दर्शनाचार्य गरेको वा वरिष्ठ शिक्षक – बाह्य परीक्षक

### ७. बाह्य मूल्याङ्कन ५०%

यस पाठ्यांशको सत्रको अन्त्यमा परीक्षा नियन्त्रण कार्यालयले निम्नानुसार बाह्य मूल्याङ्कनमा आधारित लिखित परीक्षा सञ्चालन गर्नेछ :

| **प्रश्नका प्रकारहरू** | **सोधिने जम्मा प्रश्नहरू** | **जवाफ दिनुपर्ने प्रश्नहरूको सङ्ख्या र अङ्कभार** | **कुल पूर्णाङ्क** |
|---|---|---|---|
| **समूह 'क' बहुवैकल्पिक** | १० ओटा प्रश्न | **१०×१** | **१०** |
| **समूह 'ख' सङ्क्षिप्त उत्तरात्मक** | एउटा अथवासहित ४ ओटा प्रश्न | **४×५** | **२०** |
| **समूह 'ग' लामो उत्तरात्मक** | एउटा अथवासहित २ ओटा प्रश्न | **२×१०** | **२०** |

### ८. सन्दर्भसामग्रीहरू


खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकसन ।

खतिवडा, लयप्रसाद (२०७५). *भाषिक अनुसन्धान विधि,* स्वयम् ।

घर्ती, दुर्गाबहादुर (२०८०), *अनुसन्धान पद्धतिः सिद्धान्त र प्रयोग,* अनुसन्धान विमर्श नेपाल ।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद (२०६५), *अनुसन्धान पद्धति,* एम.के पब्लिसर्स ।

निउरे, ध्रुवप्रसाद र घिमिरे, दिनेश (२०७०), *भाषिक अनुसन्धान विधि,* सनसाइन पब्लिकेसन ।

पौडेल, राजेन्द्रप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि,* प्रज्ञा पब्लिकेशन एन्ड डिस्टिव्युर्ट प्रा.लि. ।

बन्धु, चूडामणि (२०५२), *अनुसन्धान तथा प्रतिवेदनलेखन,* रत्नपुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०६५). *भाषिक अनुसन्धान विधि,* शुभकामना प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र (२०५२), *शोधविधि,* साझा प्रकाशन ।

American Psychological Association. (2020). *Publication manual of the American psychological association* (7th ed.).

Creswell, J. W. (2014). *Research Design: Qualitative, Quantitative and Mixed Methods Approaches* (4th ed.). SAGE Publications.

Kumar, R. (2005), *Research Methodology: Step by Step Guide for Beginners* (2nd ed.). SAGE Publications.

**सुसुदूरपश्चिम विश्वविद्यालय**

**शिक्षाशास्त्र सङ्काय**

**सत्रप्रणालीमा आधारित नेपाली शिक्षा स्नातक कार्यक्रम**

**पाठ्यांश शीर्षक** : प्राज्ञिक लेखन

**विषय सङ्केत नं. :** Nep.Ed. 477

**विषयको प्रकृति :** सैद्धान्तिक+प्रायोगिक

**तह :** स्नातक

**जम्मा पाठ्यघण्टा :** ३

**सत्र :** सातौँ

**शिक्षण घन्टी** : ४८

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायको सत्रप्रणाली (आठ सेमेस्टर) मा आधारित बी.एड. कार्यक्रमको नेपाली शिक्षा मूल विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यस पाठ्यांशको मुख्य उद्देश्य प्राज्ञिक लेखनका बारेमा विद्यार्थीहरूको संज्ञानात्मक स्तरलाई स्पष्ट बनाउँदै त्यसको प्रयोग पक्षमा अभ्यास गराउनु रहेको छ । प्राज्ञिक लेखनको सैद्धान्तिक र व्यावहारिक ज्ञानबाट विद्यार्थीहरूमा कुनै विषयप्रतिको तार्किक एवम् आलोचनात्मक दृष्टिकोणलाई मानक भाषामा सुसङ्गठित तथा सुव्यवस्थित ढङ्गले आलेखन गर्ने सिप प्रदान गर्न प्रस्तुत पाठ्यांश उपयोगी हुनेछ । यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरूमा अध्ययनपत्र र अनुसन्धानात्मक लेखको जानकारी प्राप्त गरी तदनुरूप अनुसन्धान गर्न र त्यसको प्रतिवेदन तयार गर्न समर्थ हुने अपेक्षा गरिएको छ ।

## २. सामान्य उद्देश्य

प्रस्तुत पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन् :

(क) प्राज्ञिक लेखनको सैद्धान्तिक अवधारणा र विशेषताहरूको वर्णन गर्न,
(ख) भावहरण र यसको परित्यागबारे चर्चा गर्न,
(ग) प्राज्ञिक लेखनसम्बद्ध विविध तत्त्वहरूको वर्णन गर्न,
(घ) प्राज्ञिक लेखनका चरणहरूबारे सविस्तार चर्चा गर्न,
(ङ) प्राज्ञिक लेखनमा प्रकाशित स्रोतहरूको उपयोग गर्न,
(च) प्राज्ञिक लेखका अङ्गहरूको ज्ञान हासिल गरी लेख तयार पार्न ।

## ३. विशिष्ट उद्देश्य तथा पाठ्यविषय

| विशिष्ट उद्देश्य | पाठ्य विषय |
|---|---|
| क) प्राज्ञिक लेखनको परिचय र अवधारणा प्रस्ट पार्न,<br>ख) प्राज्ञिक र सामान्य लेखनको भिन्नता छुट्याउन,<br>ग) प्राज्ञिक लेखनका विशेषताहरूको चर्चा गर्न,<br>घ) लेखनमा भावहरणको अभिप्राय बताई यसको परित्यागको आवश्यकता बताउन । | **एकाइ एक : प्राज्ञिक लेखनको सैद्धान्तिक अवधारणा (पाघ. ५)**<br>१.१ प्राज्ञिक लेखनको परिचय र अवधारणा<br>१.२ प्राज्ञिक लेखन र सामान्य लेखनमा भिन्नता<br>१.३ प्राज्ञिक लेखनका विशेषताहरू<br>१.४ प्राज्ञिक लेखनमा भावहरणको अभिप्राय र यसको परित्याग |

| | |
|---|---|
| क) प्राज्ञिक लेखनका तत्त्वहरूको परिचय दिई प्रयोगसन्दर्भ केलाउन,<br>ख) अनुसन्धान र लेखनको सम्बन्ध स्पष्ट पारी सोबारे स्पष्ट रूपमा बताउन,<br>ग) शब्दभण्डार र प्राज्ञिकताबारे जानकारी प्राप्त गरी भन्न,<br>घ) सामान्यीकरण र तथ्यहरूको उपयोगसम्बन्धी चर्चा गर्न,<br>ङ) लेखनमा परिणाम, छलफल र प्राज्ञिक सान्दर्भिकताको महत्त्व दर्साउन,<br>छ) प्रोत्साहन र पृष्ठपोषण महत्त्वबारे चर्चा गर्न । | **एकाइ दुई : प्राज्ञिक लेखनसँग सम्बद्ध विविध पक्षहरू (पाघ. १२)**<br>२.१ प्राज्ञिक लेखनका निम्निलिखत तत्त्वहरूको सामान्य परिचय<br>२.१.१ तर्क र वितर्क<br>२.१.२ कारण र परिणाम<br>२.१.३ संसक्ति<br>२.१.४ तुलना<br>२.१.५ छलफल/परिचर्चा<br>२.१.६ उदाहरण<br>२.१.७ सन्दर्भ र उदाहरणहरू<br>२.१.८ शैली<br>२.२ अनुसन्धान र लेखन<br>२.३ शब्दभण्डार र प्राज्ञिकता<br>२.४ सामान्यीकरण र तथ्यहरूको उपयोग<br>२.५ परिणाम, छलफल र प्राज्ञिक सान्दर्भिकता<br>२.६ प्रोत्साहन र पृष्ठपोषणको महत्त्व |
| क) प्राज्ञिक लेखनको प्रारम्भिक तयारीको चरणबारे चर्चा गर्न,<br>ख) प्राज्ञिक लेखनमा मस्यौदा लेखनका चरणको परिचय दिई मस्यौदा लेखनको तयारी गर्न,<br>ग) मस्यौदा लेखनलाई विस्तार गर्ने चरणरूको क्रमबारे ज्ञान हासिल गरी लेखनको तयारी गर्न,<br>घ) प्राज्ञिक लेखनको अन्तिम चरणमा मस्यौदालाई संशोधन र परिष्कार गरी पुनरवलोकन गर्न । | **एकाइ तीन : प्राज्ञिक लेखनका चरणहरू (पाघ. १०)**<br>३.१ प्राज्ञिक लेखनमा विषय क्षेत्र र शीर्षकको चयन<br>३.२ सामग्री सङ्कलन र मस्यौदा लेखनको तयारी<br>३.२.१ पथम मस्यौदा लेखनको प्रस्तुति<br>३.२.२ पृष्ठपोषण प्राप्ति<br>३.३ मस्यौदा विस्तार<br>३.३.१ उपशीर्षकहरुको योजना<br>३.३.२ विचार सङ्गठन र विस्तार<br>३.३.३ सुरुवात र समापन<br>३.४ मस्यौदाको पुनरवलोकन<br>३.४.१ संशोधन र परिष्कार<br>३.४.२ संशोधित मस्यौदाको प्रस्तुति |
| क) प्राज्ञिक लेखनमा प्रकाशित स्रोतको उपयोगमा सारांश लेखनको उपयोगको प्रक्रिया र प्रयोगबारे बताउन,<br>ख) उक्त लेखनमा शब्दान्तरण लेखनबारे जानकारी प्राप्त गरी प्रयोग गर्न,<br>ग) शीर्ष उद्धरण, प्रत्यक्ष उद्धरण, अप्रत्यक्ष उद्धरण र शब्दान्तरित उद्धरणको उपयोग गर्न । | **एकाइ चार : प्राज्ञिक लेखनमा प्रकाशित स्रोतहरूको उपयोग ( पाघ. ७)**<br>४.१ सारांश लेखन<br>४.२ शब्दान्तरण लेखन<br>४.३ उद्धरणको प्रयोग<br>४.३.१ शीर्ष उद्धरण (Display Quotations)<br>४.३.२ प्रत्यक्ष उद्धरण (Direct Quotations)<br>४.३.३ अप्रत्यक्ष उद्धरण (Indirect Quotations)<br>४.३.४ शब्दान्तरित उद्धरण (Paraphrased Quotations)<br>४.४ सन्दर्भसूचीको प्रयोग (एपिए अनुसार) |

| | |
|---|---|
| **क) अध्ययनपत्र र अनुसन्धानात्मक लेखको परिचय दिन,**<br>ख) अध्ययनपत्र र अनुसन्धानबिच भिन्नता पहिल्याउन,<br>ग) निर्धारित ढाँचा र अङ्गहरूका आधारमा अध्ययनपत्र तयार पार्न,<br>घ) निर्धारित ढाँचा र अङ्गहरूको परिचय र सोही आधारमा अनुसन्धानमूलक लेख तयार पार्न । | **एकाइ पाँच : अध्ययनपत्र र अनुसन्धानात्मात्क लेख लेखनको अभ्यास (पाघ.१४)**<br>५.१ अध्ययनपत्र र अनुसन्धानात्मक लेखको परिचय<br>५.२ अध्ययनपत्र र अनुसन्धानात्मक लेखमा भिन्नता<br>५.३ अध्ययनपत्र लेखनको ढाँचा र अङ्गहरू<br>५.३.१ अध्याय एक : शीर्षक, प्रयोजन, अध्ययनको पृष्ठभूमि र अध्ययनको उद्देश्य<br>५.३.२ अध्याय दुई : विषयवस्तुको परिचय, विषयवस्तुको नमुना, विषयवस्तुको विश्लेषण<br>५.३.३ अध्याय तीन : सारांश, निष्कर्ष, सुझाव तथा सन्दर्भसूची<br>५.४ अनुसन्धानात्मक लेखनका ढाँचा र अङ्गहरू : विषयवस्तु र शीर्षकको चयन, शोधसार वा सारवस्तु, मुख्य पद तथा पदावली, विषयपरिचय, अनुसन्धान प्रश्न तथा उद्देश्य, अध्ययन विधिहरू, तथ्याङ्कको व्याख्या तथा विश्लेषण, परिणामहरू, छलफल/परिचर्चा, निष्कर्ष, सन्दर्भसूची |

## ४. शिक्षण प्रक्रिया

प्रस्तुत पाठ्यांश सैद्धान्तिक र प्रायोगिक दुवै प्रकृतिको भएकाले यसको शिक्षणमा व्याख्यान, प्रश्नोत्तर, प्रदर्शन, छलफल, परियोजना, पुस्तकालय कार्य, खोज, कक्षा प्रस्तुति जस्ता विभिन्न विधि अवलम्बन गरिनेछ । यसै गरी पाठ्यपुस्तक, सन्दर्भपुस्तक, पाठपत्र, आरेख, तालिका, सूची आदि समेतको उपयोग गरेर योजनावद्ध शिक्षण गर्नमा जोड दिइनेछ। व्याख्यान विधिलाई कमभन्दा कम उपयोग गरी विद्यार्थी सहभागितामूलक शिक्षण कार्यकलापहरूलाई बढी महत्त्व दिइनेछ। शिक्षण कार्यमा यथेष्ट उदाहरणहरूको उपयोगमा र विद्यार्थीहरूको सहभागितामा जोड दिइनेछ । अनुसन्धानात्मक विविध पक्षको सैद्धान्तिक जानकारी दिई त्यसको प्रयोगका लागि पूर्वलिखित शोधप्रस्ताव र अनुसन्धान प्रतिवेदन खोजी गर्न लगाई तिनको अनुसरण गर्न लगाइनेछ । साथै पाठ्यसामग्री र पाठपत्रहरूको पठन र छलफलमा विशेष ध्यान दिनुपर्नेछ। विद्यार्थीको समूह विभाजन गरी अध्ययन पत्र र अनुसन्धानमूलक लेखको ढाँचा तयार पार्न लगाइनेछ। निर्दिष्ट सिद्धान्तको विश्लेषणमा प्रयोगात्मक पक्षमा बढी जोड दिइनेछ। तोकिएका विषयवस्तु तयार पारी कक्षामा प्रस्तुतीकरण गराउनुका साथै अभ्याससमेत गर्न लगाइनेछ।

## ५. आन्तरिक मूल्याङ्कन ३०%

यस पाठ्यांशको आन्तरिक मूल्याङ्कन शिक्षकद्वारा निम्न गतिविधिहरूको आधारमा सञ्चालन गरिनेछ :

| | |
|---|---|
| क) कक्षा गतिविधिहरूमा उपस्थिति र सहभागिता : | ४+४ = ८ अङ्क |
| ख) मूल्याङ्कन (असाइनमेन्ट) १ : प्रतिबिम्बात्मक टिप्पणीह नोट र कक्षा प्रस्तुतीकरण : | ३+३=६ अङ्क |
| ग) मूल्याङ्कन (असाइनमेन्ट) २ : अध्ययनपत्र, निबन्ध, परियोजना र अन्तर्वार्ता : | ४+४ = ८ अङ्क |
| घ) मध्यसत्र परीक्षा | ८ अंक |

## ६. प्रयोगात्मक मूल्याङ्कन २०%

यस पाठ्यांशको सत्रको अन्त्यमा विद्यार्थीलाई ३००० शब्दसम्मको अनुसन्धानमूलक लेख लेख्न लगाइनेछ । यस प्रयोजनका लागि विद्यार्थीले छनोट गरेका र शिक्षकले अनुमोदित गरेको शीर्षकमा लेख्नुपर्नेछ । अनुसन्धानमूलक लेखनका लागि व्यक्तिगत रूपमा शीर्षक छनोट गरिनेछ । यसरी रुजु गरिएका शीर्षकमा तोकिएको ढाँचामा अनुसन्धानात्मक लेखन एपिए प्रणालीअनुरूप मुद्रण गरी विषय शिक्षकसमक्ष प्रस्तुत गर्नुपर्नेछ । अनुसन्धानमूलक लेख प्राप्त भएपछि बाह्य परीक्षणका लागि विद्यावारिधि उपाधि प्राप्त, एमफिल उपाधि प्राप्त वा वरिष्ट प्राध्यापकबाट मूल्याङ्कन गराउनुपर्नेछ । सो मूल्याङ्कनको प्राप्ताङ्क बाह्यपरीक्षकले परीक्षा नियन्त्रण कार्यालयमा पेस गर्नुपर्नेछ ।

मूल्याङ्कन समिति

विषय शिक्षण समिति/विभाग/क्याम्पस प्रमुख – अध्यक्ष

सम्बन्धित विषय शिक्षक – आन्तरिक परीक्षक

विद्यावारिधि/दर्शनाचार्य गरेको वा वरिष्ठ शिक्षक – बाह्य परीक्षक

**७. बाह्य मूल्याङ्कन ५०%**

यस पाठ्यांशको सत्रको अन्त्यमा परीक्षा नियन्त्रण कार्यालयले निम्नानुसार बाह्य मूल्याङ्कनमा आधारित लिखित परीक्षा सञ्चालन गर्नेछ :

| **प्रश्नका प्रकारहरू** | **सोधिने जम्मा प्रश्नहरू** | **जवाफ दिनुपर्ने प्रश्नहरूको सङ्ख्या र अङ्कभार** | **कुल पूर्णाङ्क** |
|---|---|---|---|
| **समूह 'क' बहुवैकल्पिक** | १० ओटा प्रश्न | **१०×१** | **१०** |
| **समूह 'ख' सङ्क्षिप्त उत्तरात्मक** | एउटा अथवासहित ४ ओटा प्रश्न | **४×५** | **२०** |
| **समूह 'ग' लामो उत्तरात्मक** | एउटा अथवासहित एउटा प्रश्न | **२×१०** | **२०** |

**८. सन्दर्भसामग्रीहरू**

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेसन ।

त्रिपाठी, वासुदेव (२०६६), *साहित्य सिद्धान्त : शोध तथा सृजनविधि,* पाठ्यसामग्री पसल ।

बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* रत्न पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०६५), *भाषिक अनुसन्धान विधि,* शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि (२०७४), प्राज्ञिक लेखन तथा सम्पादन, विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र खनाल, राजेन्द्र (२०७८), प्राज्ञिक तथा सृजनात्मक लेखन र सम्पादन, सनलाइट पब्लिकेसन ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०५५), *शोधविधि,* साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६८) *सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण,* पाठ्यक्रम सामग्री पसल ।

American Psychological Association. (2010). *Publication manual of the American Psychological Association (7th ed.).* APA.

Bailey, S. (2010). *Academic Writing: A Handbook for International Students.* Routedge.

Fry, R. (1994). *How to write papers.* Vision Books.

Greene, S. and Lidinsky, A. (2008). From Inquiry to Academic Writing.Betford/St.Martin's.

Hartly,J. (2008). *Academic Writing and Publising.Routledge.*

Pandey,S.R and Rana, karnar BM (2017). Basic of *Academic Writing.*

**सुदूरपश्चिम विश्वविद्यालय**

**शिक्षाशास्त्र सङ्काय**

**सत्रप्रणालीमा आधारित नेपाली शिक्षा स्नातक कार्यक्रम**

**पाठ्यांश शीर्षक** : नेपाली भाषाशिक्षण

**विषय सङ्केत नं. :** Nep.Ed. 478 **विषयको प्रकृति** : सैद्धान्तिक

**तह :** स्नातक **जम्मा पाठ्यघण्टा :** ३

**सत्र :** सातौँ **शिक्षण घन्टी** : ४८

---

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायको सत्रप्रणाली (आठ सेमेस्टर) मा आधारित बी.एड. कार्यक्रमको नेपाली शिक्षा मूल विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । पाँच एकाइमा वितरित यस पाठ्यांशले शिक्षार्थीहरूमा नेपाली भाषा शिक्षणसम्बन्धी सामान्य अवधारणा बसाल्न, माध्यमिक तहमा नेपाली भाषा शिक्षण तथा तत्सम्बन्धी अन्य विविध भूमिका निर्वाह गर्नका लागि आवश्यक पर्ने सिप तथा दक्षता विकास गराउने दृष्टिकोण राखेको छ ।

## २. साधारण उद्देश्य

यस पाठ्यांशका साधारण उद्देश्यहरू निम्नलिखित रहेका छन् :

क) नेपाली भाषाशिक्षणको अवधारणा स्पष्ट गर्दै भाषा शिक्षणका सामान्य सिद्धान्तहरूको परिचय दिन,

ख) नेपाली भाषाशिक्षणका समस्या र तिनको समाधानका उपायहरूको वर्णन गर्न,

ग) नेपाली भाषाशिक्षण र सिकाइका विविध स्वरूपको वर्णन गर्न,

घ) भाषा व्यवस्थामा भाषिक सिपहरूको आवद्धता दर्साउन,

ङ) नेपाली भाषाका विविध सिप तथा पक्षहरूको शिक्षण सुझ विकास गर्न,

च) नेपाली भाषाशिक्षणका लागि उपयोगी शैक्षिक सामग्रीहरूको पहिचान, निर्माण गर्न र प्रयोग क्षमता विकास गर्न ।

## ३. पाठ्यविषयको विवरण

| विशिष्ट उद्देश्य | पाठ्यवस्तु विवरण |
|---|---|
| क) नेपाली भाषा शिक्षणको परिचय दिन,<br>ख) भाषा शिक्षणका सामान्य सिद्धान्तहरू बताउन,<br>ग) नेपाली भाषा शिक्षणको आवश्यकता पहिल्याउन,<br>घ) नेपाली भाषा शिक्षणका समस्या पहिचान गरी ती समस्याको समाधान गर्ने उपाय पत्ता लगाउन,<br>ङ) पहिलो भाषा र दोस्रो भाषा सिकाइको स्वरूप बताउन, | **एकाइ एक : नेपाली भाषाशिक्षणको परिचय र विविध सन्दर्भमा नेपाली भाषा शिक्षण (पाघ.१०)**<br>१.१ नेपाली भाषा शिक्षणको परिचय<br>१.२ भाषा शिक्षणका सामान्य सिद्धान्तहरू<br>१.३ नेपाली भाषा शिक्षणको आवश्यकता<br>१.४ नेपाली भाषा शिक्षणका समस्या र समाधानका उपाय |

| | |
|---|---|
| च) विषय र माध्यमका रूपमा मातृभाषा शिक्षणको अभिप्राय भन्न,<br>छ) पहिलो र दोस्रो भाषाका रूपमा नेपाली शिक्षणको आवश्यकता बताउन,<br>ज) द्विभाषिक तथा बहुभाषिक परिवेशमा नेपाली शिक्षणको प्रक्रिया स्पष्ट पार्न । | १.५ पहिलो भाषा र दोस्रो भाषा सिकाइको स्वरूप<br>१.६ विषय र माध्यमका रूपमा मातृभाषा शिक्षण<br>१.७ पहिलो र दोस्रो र भाषाका रूपमा नेपाली शिक्षण<br>१.८ द्विभाषिक तथा बहुभाषिक परिवेशमा नेपाली शिक्षण |
| क) माध्यमिक तहमा सुनाइ शिक्षणको आवश्यकता बताउन,<br>ख) सुनाइका प्रकारहरूको चर्चा गर्न,<br>ग) सुनाइ शिक्षणका कार्यकलापको वर्णन गर्न<br>घ) सुनाइसम्बन्धी कमजोरीका कारण पत्ता लगाई तिनको निराकरण गर्न ।<br>ङ) माध्यमिक तहमा बोलाइ शिक्षणको आवश्यकता बताउन,<br>च) बोलाइ शिक्षणका प्रमुख कार्यकलापहरूको वर्णन गर्न,<br>छ) बोलाइमा कमजोर हुने कारण पहिचान गरी तिनको निराकरण गर्ने उपाय बताउन र<br>ज) सुनाइ र बोलाइको सम्बन्ध उल्लेख गर्न,<br>झ) माध्यमिक तहमा उच्चारण शिक्षणको आवश्यकता बताउन,<br>ञ) उच्चारण र वर्णविन्यासको सम्बन्ध दर्साउन,<br>ट) उच्चारणमा पाइने प्रमुख त्रुटिक्षेत्र पहिचान गर्न,<br>ठ) उच्चारण शिक्षणका प्रमुख कार्यकलाप वर्णन गर्न,<br>ड) उच्चारण कमजोरीका कारण पहिचान गरी तिनको निराकरण गर्ने उपाय बताउन । | **एकाइ दुई : सुनाइ, बोलाइ र उच्चारण शिक्षण (पाघं १२)**<br>२.१ सुनाइ शिक्षण<br>२.१.१ माध्यमिक तहमा सुनाइ शिक्षणको आवश्यकता<br>२.१.२ सुनाइका प्रकार<br>२.१.३ सुनाइ शिक्षणका कार्यकलाप<br>२.१.४ सुनाइ तथा श्रुतिबोधसम्बन्धी कमजोरीका कारण र निराकरणका उपाय<br>२.२ बोलाइ शिक्षण<br>२.२.१ माध्यमिक तहमा बोलाइ शिक्षणको आवश्यकता<br>२.२.२ बोलाइ शिक्षणका कार्यकलाप<br>२.२.३ बोलाइमा कमजोर हुनाका कारण र तिनको निराकरण गर्ने उपाय<br>२.२.४ सुनाइ र बोलाइको सम्बन्ध<br>२.३ उच्चारण शिक्षण<br>२.३.१ माध्यमिक तहमा उच्चारण शिक्षणको आवश्यकता<br>२.३.२ उच्चारण र वर्णविन्यासको सम्बन्ध<br>२.३.३ उच्चारणमा पाइने प्रमुख त्रुटिक्षेत्र<br>२.३.४ उच्चारण शिक्षणका कार्यकलाप<br>२.३.५ उच्चारणसम्बन्धी कमजोरीका कारण र निराकरणका उपाय |
| क) माध्यमिक तहमा वाचनकला शिक्षणको प्रयोजन तथा कार्यकलाप बताउन,<br>ख) माध्यमिक तहमा पठनबोध शिक्षणको आवश्यकता पहिचान गरी तदनुरूप शिक्षणका कार्यकलाप तथा शिक्षणको क्रम निर्धारण गर्न,<br>ग) माध्यमिक तहमा द्रुतपाठ शिक्षणको प्रयोजन बताउन, | **एकाइ तीन : वाचन, पठनबोध र द्रुतपाठ शिक्षण(पाघ.९)**<br>३.१ वाचनकला शिक्षण<br>३.१.१ माध्यमिक तहमा वाचनकला शिक्षणको प्रयोजन<br>३.१.२ वाचनकला शिक्षणका कार्यकलाप<br>३.२ पठनबोध शिक्षण<br>३.२.१ माध्यमिक तहमा पठनबोध शिक्षणको आवश्यकता<br>३.२.२ पठनबोध शिक्षणका कार्यकलाप |

| | |
|---|---|
| घ) उपयुक्त सामग्री छनोट गरी द्रुतपाठको अभ्यास गर्न र<br><br>ङ) दुतपाठ शिक्षणका प्रमुख कार्यकलापको वर्णन गर्न । | ३.२.३ पठनबोध शिक्षणक्रम<br>३.३ द्रुतपाठ<br>३.३.१ माध्यमिक तहमा द्रुतपाठ शिक्षणको प्रयोजन<br>३.३.२ द्रुतपाठ अभ्यासका लागि सामग्रीको छनोट<br>३.३.३ द्रुतपाठका कार्यकलाप |
| क) माध्यमिक तहमा लेखाइ शिक्षणको आवश्यकता बताउन,<br><br>ख) बोलाइ र लेखाइको सम्बन्ध पहिल्याउन,<br><br>ग) यान्त्रिक, निर्देशित, स्वतन्त्र र सृजनात्मक लेखनको वर्णन गर्न,<br>घ) लेखाइ शिक्षणका कार्यकलापको विश्लेषण गर्न,<br><br>ङ) लेखाइमा पाइने कमजोरी पहिचान गरी तिनको निराकरणका उपाय बताउन | **एकाइ चार : लेखाइ शिक्षण (पाघं.७)**<br>४.१ माध्यमिक तहमा लेखाइ शिक्षणको आवश्यकता<br>४.२ बोलाइ र लेखाइ सिपको सम्बन्ध<br>४.३ यान्त्रिक, निर्देशित, स्वतन्त्र र सृजनात्मक लेखन<br>४.४ लेखाइ शिक्षणका कार्यकलाप<br>४.५ लेखाइमा पाइने कमजोरी र निराकरणका उपाय |
| क) नेपाली भाषाशिक्षणमा प्रयोग हुने सहायक सामग्रीहरूको परिचय दिई तिनको वर्गीकरण गर्न,<br>ख) नेपाली भाषाशिक्षणमा आधार र सहायक सामग्रीको आवश्यकता बताउन,<br>ख) नेपाली भाषाशिक्षणमा प्रयोग हुने सहायक सामग्रीहरूको सङ्कलन, निर्माण र प्रयोग विधि उल्लेख गर्न,<br>घ) नेपाली भाषा शिक्षणमा नवीन सूचना प्रविधिहरूको उपयोग प्रविधिको वर्णन गर्न ।<br>ङ) अध्यापन योजनाको परिचय दिई तिनको आवश्यकता बताउन,<br>च) अध्यापन योजनाकाका प्रकार कार्यपात्रो, कार्ययोजना, एकाइ योजना र पाठयोजनाको ढाँचा वर्णन गर्न,<br>छ) भाषा शिक्षणका विभिन्न विषयवस्तुमा एकाइ योजना र पाठयोजनाको निर्माण अभ्यास गर्न । | **एकाइ पाँच : शिक्षण सहायक सामग्री र अध्यापन योजना (१०)**<br>५.१ शिक्षण सहायक सामग्री<br>५.१.१ नेपाली भाषाशिक्षणमा प्रयोग हुन सक्ने सहायक सामग्रीहरूको परिचय तथा प्रकार<br>५.१.२ नेपाली भाषाशिक्षणमा सहायक सामग्रीको आवश्यकता<br>५.१.३ सहायक सामग्रीहरूको सङ्कलन, निर्माण र प्रयोगविधि<br>५.१.४ नेपाली भाषाशिक्षणमा नवीन सूचना प्रविधिको उपयोग<br>५.२ अध्यापन योजना<br>५.२.१ अध्यापन योजनाको परिचय र आवश्यकता<br>५.२.२ अध्यापन योजनाका प्रकार र ढाँचा : कार्यपात्रो, कार्ययोजना, एकाइ योजना, पाठयोजना<br>५.२.३ भाषा शिक्षणका लागि एकाइ योजना र पाठयोजना निर्माणको अभ्यास |

## ४. शिक्षण प्रक्रिया

प्रत्येक एकाइको शिक्षणमा आवश्यकता अनुसार साधारण र विशिष्ट शिक्षण प्रविधिको उपयोग गरिने छ । यो पाठ्यांश शिक्षण गर्न शिक्षकले प्रयोग गर्ने तौरतरिकालाई साधारण शिक्षण प्रक्रिया, अनि विद्यार्थी कार्यकलापमा आधारित शिक्षण प्रक्रियालाई विशिष्ट शिक्षण प्रक्रिया अन्तर्गत राखिएको छ ।

### ४.१ साधारण शिक्षण प्रक्रिया

हरेक एकाइको प्रकृति अनुरूप व्याख्या, छलफल, प्रश्नोत्तर, कक्षा प्रस्तुति आदिको उपयोग गरिने छ । यस क्रममा पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, सहायक पुस्तक, विषयवस्तु टिपोटपत्र, चित्र, तालिका र आरेखहरुको उपयोग गरिने छ ।

## ४.२ विशिष्ट शिक्षण प्रक्रिया

| एकाइ | कार्यकलाप |
|---|---|
| १ | • नेपाली भाषा शिक्षणका समस्या र समाधानका उपायहरू समूहगत रूपमा कक्षामा छलफल गरी सूचीबद्ध गराउने<br>• पहिलो भाषा र दोस्रो भाषा सिकाइको स्वरूपको चर्चा गरी तिनका बिचमा पाइने भिन्नताबारे कक्षा छलफल गराउने,<br>• विविध सन्दर्भमा नेपाली शिक्षणबारे समूह कार्य दिई कक्षा प्रस्तुति गर्न लगाउने, |
| २ | • समूह विभाजन गरी सुनाइ, बोलाइ र उच्चारण शिक्षण्को आवश्यकता, शिक्षण कार्यकलाप, कमजोरीका कारण र तिनका निराकरणका उपायबारे छलफल गराउने |
| ३ | • वैयक्तिक कार्यका रूपमा वाचनकला, पठनबोध र द्रुतपाठ शिक्षणको आवश्यकता र कार्यकलापको टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउने |
| ४ | • लेखाइ शिक्षणको आवश्यकता, लेखाइका प्रकार, कार्यकलाप, लेखाइमा पाइने कमजोरी र तिनको निराकरणका उपायबारे कक्षामा छलफल गरी व्यक्तिगत तथा सामूहिक रूपमा प्रस्तुति गर्न लगाउने |
| ५ | • अनलाइन स्रोतको समेत उपयोग गरी विभिन्न प्रकारका शैक्षिक सामग्रीहरुको निर्माण र कक्षा प्रस्तुति गर्न लगाउने<br>• नेपाली भाषा शिक्षणमा उपयोगी सामग्रीहरुको निर्माण र प्रयोगको अभ्यास गर्न लगाउने ।<br>• वैयक्तिक तथा सामूहिक कार्यका रूपमा शिक्षक निर्देशिकाको सहयोगमा एकाइ योजना र पाठयोजना निर्माण अभ्यास गराउने । |

## ५. आन्तरिक मूल्याङ्कन ४०%

यस पाठ्यांशको आन्तरिक मूल्याङ्कन शिक्षकद्वारा निम्न गतिविधिहरूको आधारमा सञ्चालन गरिनेछ :

क) कक्षा गतिविधिहरूमा उपस्थिति र सहभागिता : ५+५ = १० अङ्क

ख) मूल्याङ्कन (असाइनमेन्ट) १ : प्रतिबिम्बात्मक टिप्पणीहरू नोट र कक्षा प्रस्तुतीकरण : ५+५=१० अङ्क
(प्रत्येक एकाइको अन्तमा शिक्षकले दिएका २ देखि ४ प्रश्नमा
प्रतिबिम्बात्मक टिप्पणीहरू र तीमध्ये कुनै दुईको प्रस्तुतीकरण)

ग) मूल्याङ्कन (असाइनमेन्ट) २ : अध्ययनपत्र, निबन्ध, परियोजना र अन्तर्वार्ता : ५+५ = १० अङ्क

घ) मध्यसत्र परीक्षा : १० अङ्क

**६. बाह्य मूल्याङ्कन ६०%**

यस पाठ्यांशको सत्रको अन्त्यमा परीक्षा नियन्त्रण कार्यालयले निम्नानुसार बाह्य मूल्याङ्कनमा आधारित लिखित परीक्षा सञ्चालन गर्नेछ :

| प्रश्नका प्रकारहरू | सोधिने जम्मा प्रश्नहरू | जवाफ दिनुपर्ने प्रश्नहरूको सङ्ख्या र अङ्कभार | कुल पूर्णाङ्क |
|---|---|---|---|
| **समूह 'क' बहुवैकल्पिक** | १० ओटा प्रश्न | **१०×१** | **१०** |
| **समूह 'ख' सङ्क्षिप्त उत्तरात्मक** | दुइटा अथवासहित ६ ओटा प्रश्न | **६×५** | **३०** |
| **समूह 'ग' लामो उत्तरात्मक** | एउटा अथवासहित २ ओटा प्रश्न | **२×१०** | **२०** |

**७. पाठ्यपुस्तक र सन्दर्भपुस्तक**

अधिकारी, हेमाङ्गराज (२०५०), *नेपाली भाषाशिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०५९), *भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

क्षेत्रिया, के. (सन् १९७५), *मातृभाषा शिक्षण,* विनोद पुस्तक मन्दिर ।

ढकाल, शान्तिप्रसाद (२०६६), *नेपाली भाषाशिक्षण : परिचय र प्रयोग,* शुभकामना प्रकाशन ।

ढकाल, शान्तिप्रसाद र तीर्थराज खतिवडा (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण,* पिनाकल पब्लिकेसन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७१), *नेपाली भाषा शिक्षण,* एम.के. पब्लिसर्स ।

त्रिपाठी, करुणापति (ई. १९५६), *भाषाशिक्षण,* नन्दकिशोर एन्ड ब्रदर्स ।

पाठ्यक्रम विकास केन्द्र (विभिन्न समयका), शिक्षक निर्देशिका, नेपाली, कक्षा ६-१० सम्म ।

प्रधान, मीरा (२०७४), *नेपाली भाषा शिक्षण,* अक्सफोर्ड पब्लिकेसन ।

पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७३), *नेपाली भाषा शिक्षण,* क्याम्ब्रिज पब्लिकेसन ।

पौडेल, नेत्रप्रसाद (२०६६), *नेपाली भाषा शिक्षण,* पैरवी प्रकाशन ।

भट्टराई, रामप्रसाद (२०७४), *नेपाली भाषाशिक्षण,* शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि (२०५७), *भाषा र साहित्य शिक्षणका केही पक्ष,* वाणी प्रकाशन ।

रिमाल, डिल्लीराम (२०५७), *नेपाली शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य (२०६२), *नेपाली भाषाशिक्षण,* भुँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०७२), *नेपाली भाषाशिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६९), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।